# कार्यालय प्रमुखको बैठक, सुनसरी
## मितिः २०८०/०१/०५ मंगलवार
## बैठक संख्याः ९/०७९/०८०

निर्णयः-

१. हालको दिनहरुमा कोभिड-१९ को संक्रमण दिनानुदिन बढ्दै गइरहेको र यसबाट सजक रहन अपरिहार्य भएकोले स्वास्थ्य मन्त्रालयबाट जारी गरेको स्वास्थ्य प्रोटोकल अनिवार्यरुपमा पालना गर्न/गराउन सबै स्थानीय तहको समन्वयमा नागरिकहरुलाई सतर्क रहन, जनस्वास्थ्यका मापदण्ड पालना गर्ने/गराउने साथै थप जोखिम नियन्त्रणका लागि जिल्लामा क्रियाशील निकाय र पदाधिकारीहरुले तदारुकताका साथ सक्रिय भूमिका खेल्ने ।

२. सुनसरी जिल्लामा सेवाग्राहीहरुको अत्याधिक भीड हुने कार्यालयहरु जस्तैः जिल्ला प्रशासन, मालपोत, नापी, यातायात लगायतका निकायहरुमा सेवाग्राहीहरुको सहज पहुँच पुऱ्याउन सार्वजनिक सेवा प्रवाह व्यवस्थापनमा समन्वय गर्ने । साथै संघ, प्रदेश र स्थानीय तहअन्तर्गत सञ्चालित विकास आयोजनाहरु, रुग्ण परियोजनाहरुलाई समयमा सम्पन्न गर्न सरोकारवाला निकायबीच समन्वय र सहकार्य गर्ने ।

३. सेवा प्रवाहमा अत्याधिक चाप हुने कार्यालयहरुमा कामको सहजीकरण, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह बर्गीकरण गरी नेपाल सरकारको निर्णयबमोजिम सार्वजनिक विदाको दिन समेत सार्वजनिक सेवा प्रवाहको व्यवस्था गर्ने गराउने/कार्य सरलीकरण गरी गुनासोरहित सेवा प्रवाहलाई चुरुस्त बनाउने ।

४. जिल्ला स्थित सबै सरोकारवाला निकायहरु एवमं स्थानीय तहले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी मनसुन पूर्वतयारी कार्ययोजना तयार गरी कार्ययोजना बमोजिम कार्य गर्ने/गराउने । Pre-Monsoon शुरुभइसकेको हुँदा आवश्यक श्रोत साधन सहित तयारी अवस्थामा रहने।

५. जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुँदै आएको राहदानी आवेदनको फारम भर्ने तथा live-Enrollement को कार्य कार्यालयबाट निःशुल्क गरिएकोले सबै पालिकाले सो विषयको सूचना आ-आफ्ना पालिकाका नागरिकहरुलाई प्रवाह गर्ने ।

६. यस भन्दा अगाडिको कार्यालय प्रमुखको बैठकमा भएका निर्णयहरुको समिक्षा गर्दै सोको तिब्रताका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी